# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

## पत्रिका ढुवानी सम्बन्धी पुन: सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७६।५।३१)**

**सूचना नं. सा .प्र. ३/०७६/७७**

यस संस्थानका प्रकाशनहरू नियमितरूपमा तपसिल बमोजिमका रूटहरूमा संस्थानले तोकेको समयमा आ.व. २०७६।७७ को लागि दैनिक रूपमा ढुवानी गर्नका लागि ३० (तीस) दिनको समयावधि राखी गोरखापत्र दैनिकमा मिति २०७६।३।३१ (प्रथमपटक), २०७६।४।१ र २०७६।४।२ मा प्रकाशित बोलपत्र आव्हानको सूचना (सूचना नं. सा .प्र. ८/०७५/०७६) बमोजिम प्राप्त सबै सिलबन्दी बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २ को खण्ड (घ) बमोजिम सारभूत रूपमा प्रभावग्राही नभएकोले सोही ऐनको दफा २६ अनुसार खरिद कारवाही रद्द भएको हुँदा इच्छुक ढुवानी सम्बन्धी इजाजत प्राप्त फर्म, कम्पनी एवं नेपाली नागरिकले गाडी भाडामा दिन आफूले चाहेको भाडादर प्रष्टरूपमा उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ढुवानी स्थलमार्ग रूट | जम्मा गर्नुपर्ने धरौटी रकम | कैफियत |
|---|---|---|---|
| १ | **काठमाडौं-गल्छी-मलेखु-मुग्लीन-आँबुखैरेनी-डुम्रे-दमौली-खैरेनी-पोखरा** | ४३,६८०।- | उल्लेखित मुख्य ४ वटा रूट भएर अन्यत्र सहायकमार्ग सदरमुकाम वा शहरमा जाने एकतर्फी दुरी दाँया, बाँया २०/२० कि.मी. भित्र पुऱ्याउनुपर्ने संस्थानका प्रकाशनका मुठाहरू तोकिएको समय भित्र पुऱ्याउने जिम्मेवारी टेण्डरदाता ढुवानीकर्ताको हुने र अन्यको हकमा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ। साथै रूट नं. ३ र ४ को सम्बन्धमा विराटनगरबाट प्रकाशन छपाई शुरू भएपछि आपसी समझदारीमा रूट संशोधन गर्न सकिनेछ। |
| २ | **मुग्लीन-नारायणगढ-भरतपुर-दाउन्ने-सुनबल-बुटवल-भैरहवा** | २७,३००।- | |
| ३ | **काठमाडौं-फर्पिङ-हेटौडा-पथलैया-वीरगञ्ज** | ३२७६०।- | |
| ४ | **काठमाडौं-बनेपा-धुलिखेल-खुर्कोट-सिन्धुली-वर्दिवास-ढल्केवर-जनकपुर** | २१,८४०।- | |

**सर्तहरू**

१. बोलपत्रदाताले बोलपत्र सूचनामा तोकिए बमोजिमको धरौटी रकम संस्थानको ने.बैं.लि. काठमाडौं अफिस स्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैकबाट सो रकम बरावरको कम्तिमा १२० दिनको बैक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी बोलपत्र पेस गर्नुपर्नेछ।

२. बोलपत्र दर्ता गर्दा पत्रिका ढुवानी सम्बन्धी इजाजत पत्रको प्रमाणित प्रतिलिपि, फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, मू.अ.क. दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, सवारी दर्ता तथा सवारी धनीको नाम प्रष्ट उल्लेख भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको फोटो एक प्रति र संस्था नवीकरण समेतको प्रमाणित प्रतिलिपि सहित अन्य आवश्यक कागजातहरू संलग्न हुनुपर्नेछ।

३. बोलपत्र दिंदा सिलबन्दी खाम बाहिर **पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र** भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, प्रधान कार्यालय, धर्मपथ, काठमाडौं नामले सम्बोधन गर्नुपर्नेछ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०७६/६/१४ गते दिनको १२:०० वजेभित्र बोलपत्र यस संस्थानमा दर्ता भैसक्नुपर्नेछ। उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ। रीत नपुगेका, शर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन। प्राप्त हुन आएका बोलपत्रहरू बोलपत्र बुझाउने अन्तिम दिनको २:०० बजे बोलपत्रदाताको उपस्थिति वा अनुपस्थितिमा संस्थानका प्रतिनिधिहरूको रोहवरमा संस्थान भवनमा खोलिने छ। यदि उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन प्रस्तावक वा निजको प्रतिनिधीहरूको उपस्थिति वा अनुपस्थितिमा पनि बोलपत्र खोलिनेछ।

५. बोलपत्रमा उल्लेख गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ। फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र सम्बन्धी फारम रू ३०००/-(तिनहजार) फिर्ता नहुने गरि तिरि संस्थानको सामान्य प्रशासन शाखा वाट प्राप्त गर्न सकिने छ। उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

७. माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्रहरू आंशिक वा पुरै स्वकृित गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहने छ।

८. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र संस्थानमा उपस्थित भई सम्झौता गर्नु पर्नेछ।

९. अन्य विस्तृत जानकारीका लागि संस्थानको वितरण विभाग तथा सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

१०. यो सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछन्।

**सामान्य प्रशासन शाखा, गोरखापत्र संस्थान फोन नं.४२२३०७८**